**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री सुष्मालता माथेमा**

**फैसला**

**०७१-CI-११८७**

**मुद्दाः- निषेधाज्ञा मिश्रित परमादेश।**

जिल्ला सुनसरी, धरान नगरपालिका, वडा नं.१२ स्थित जनसरोकार मन्च नेपाल धरान, सुनसरी --------------------------------------------------------१

ऐ.ऐ. वडा नं.८ मा बस्ने ज्ञान बहादुर राई ----------------------------------१

ऐ.ऐ. वडा नं.१० मा बस्ने श्रीमती गंगालक्ष्मी राई ----------------------------१

ऐ.ऐ. वडा नं.१९ मा बस्ने सुश्री शुभ राई ------------------------------------१

ऐ.ऐ. वडा नं.१९ मा बस्ने श्याम कुमार राई----------------------------------१

ऐ.ऐ. बस्ने इन्द्रबहादुर राई ----------------------------------------------१

पुनरावेदक निवेदक

विरुद्ध

जिल्ला प्रशासन कार्यालय, सुनसरी, इनरुवा ----------------------------------१

इलाका प्रशासन कार्यालय, धरान सुनसरी ------------------------------------१

मालपोत कार्यालय सुनसरी इनरुवा -----------------------------------------१

नापी कार्यालय सुनसरी इनरुवा --------------------------------------------१

इलाका वन कार्यालय, धरान सुनसरी ---------------------------------------१

जिल्ला विकास समिति सुनसरी इनरुना ------------------------------------१

धरान नगरपालिका धरान सुनसरी -----------------------------------------१

ऐ. का प्रमुख भोजराज खतिवडा -------------------------------------------१

प्रत्यर्थी विपक्षी

पाँचकन्या गा.वि.स. कार्यालय पाँचकन्या सुनसरी ----------------------------१

विष्णुपादुका गा.वि.स. कार्यालय विष्णुपादुका सुनसरी -------------------------१

धरान एकिकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन समिति धरान-४ सुनसरी ----------------------------------------------------------१

ऐ.का सदस्य सचिव जिल्ला सुनसरी धरान नगरपालिका, वडा नं.७ बस्ने वंसी मोक्तान -------------------------------------------------------------१

वातावरण तथा पर्यटन विकास केन्द्र धरानका अध्यक्ष जिल्ला सुनसरी धरान नगरपालिका, वडा नं.१३ फुस्रे बस्ने आनन्द श्रेष्ठ ---------------------------१

सुर्द जलाधार बचाउ अभियान धरान-४ का सहसंयोजक तथा औजार प्रकाशन सहकारी संस्था लि. द्वारा प्रकाशित हुने औजार दैनिकका प्रबन्धक निर्देशन जिल्ला सुनसरी धरान नगरपालिका, वडा नं.७ मा बस्ने भिमज्वाला राई -------------१

जिल्ला सुनसरी धरान नगरपालिका, वडा नं.१ पृथ्वीपथमा कार्यालय रहेको उद्योग वाणिज्य संघ सुनसरीका अध्यक्ष सरोज श्रेष्ठ ---------------------------------१

जिल्ला सुनसरी, पाँचकन्या गा.वि.स., वडा नं.९ मा बस्ने विर्खे राई ----------१ <u>प्रत्यर्थी</u>

ऐ.ऐ. बस्ने दिलिप राई -------------------------------------------------१ विपक्षी

ऐ.ऐ. बस्ने सामती लिम्बु ---------------------------------------------१

ऐ.ऐ. बस्ने चन्द्र लिम्बु -----------------------------------------------१

ऐ.ऐ. बस्ने नरबहादुर लुङगेली मगर -------------------------------------१

ऐ.ऐ. बस्ने गोकुले राई -----------------------------------------------१

ऐ.ऐ. बस्ने इन्द्रमान राई ---------------------------------------------१

ऐ.ऐ. बस्ने कर्मसिंह राई ---------------------------------------------१

ऐ.ऐ. बस्ने ठुलेमौले राई ---------------------------------------------१

ऐ.ऐ. बस्ने तेजबहादुर आले मगर ---------------------------------------१

ऐ.ऐ. बस्ने नारायण सिंह राई ------------------------------------------१

ऐ.ऐ. बस्ने मानबहादुर मगर --------------------------------------------१

ऐ.ऐ. बस्ने जगत राई ---------------------------------------------------१

ऐ.ऐ. बस्ने रामप्रसाद राई ------------------------------------------------१
ऐ.ऐ. बस्ने कारवारी शेरमान राई ------------------------------------------१
ऐ.ऐ. बस्ने बल बहादुर क्षेत्री सुतार ---------------------------------------१

**शुरु फैसला गर्ने अदालतः- पुनरावेदन अदालत, विराटनगर**
**शुरु फैसला गर्ने न्यायाधीशः- माननीय न्यायाधीश श्री शिवनारायण यादव**
**माननीय न्यायाधीश श्री रमेशबहादुर थापा**
**शुरु फैसला मितिः- २०७१।४।१९**

तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदन पर्न आएको यसै अदालतको अधिकारक्षेत्र भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

**तथ्य खण्ड**

१. धरान बजारको उत्तर पश्चिम उत्तर पूर्वमा सर्दु जलाधार क्षेत्र रहेको छ। धरान बजार पहाडको फेदीमा रहेको हुँदा यहाँ मधेशमा जस्तो जमिनबाट पानी निकाल्न सम्भव छैन। धरान बजारको पानीको स्रोत भनेको नै सर्दु जलाधार क्षेत्र हो। सर्दु जलाधार क्षेत्र (जिल्ला सुनसरी साविक बाँझगरा गाउँ पञ्चायत हालको पाँचकन्या गा.वि.स., वडा नं.९ पूरै र साविक घोपा गाउँ पञ्चायत हाल विष्णुपादुका गा.वि.स.वडा नं.७ पूरैमा) अवस्थित रहेकोमा सो स्थानमा जनसंख्याको वृद्धि भई वन क्षेत्रको कटानी हुन थालेको र पानीको मुहानमा फोहर बढ्न थाली जलाधार क्षेत्र सङ्कटमा पर्न थालेको हुँदा तत्कालीन राजा वीरेन्द्रको २०३३ सालमा भएको पूर्वाञ्चल विकासक्षेत्रको भ्रमणको अवसरमा स्थानीय बासिन्दाबाट गुनासो हुँदा सर्दु जलाधार क्षेत्रमा भएको आवादी उठाई अन्यत्र बसाउने र सो क्षेत्रमा वृक्षारोपण गर्नू भनी निर्देशन बक्स भए बमोजिम तत्कालीन अञ्चलाधीशको अध्यक्षतामा स्थापना भएको समितिले मापदण्ड बनाई सो क्षेत्रमा (बाँझगरा गाउँ पञ्चायत हालको पाँचकन्या गा.वि.स., वडा नं.९ र साविक घोपा गाउँ पञ्चायत हाल विष्णुपादुका गा.वि.स., वडा नं.७) बस्ने बासिन्दालाई जिल्ला मोरङ्ग, बयरवन गा.वि.स., वडा नं.९ को २४३ बिगाहा जग्गा मापदण्ड बमोजिम वितरण गरी बसोबास गराई जलाधार क्षेत्रमा वृक्षारोपण

गरिएको थियो। स्थानीय मानिसलाई अन्यत्र बसाइ सकेपछि पुनः सो क्षेत्रमा केही मानिसहरुले अतिक्रमण गरी बसोबास गर्न थालेको हुँदा सरकारको मिति २०३८।१०।२१ को निर्णय बमोजिम तत्कालीन राजसभाका भूतपूर्व न्यायाधीश श्री जयदेव भट्टको अध्यक्षतामा गठित मोरङ्ग सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिले अतिक्रमणकारीहरुलाई हटाई सो क्षेत्रमा वृक्षारोपण गरी संरक्षण गरेको थियो।

२. हाल उक्त क्षेत्रमा केही मानिसहरुले पुनः अतिक्रमण गरी जङ्गल फँडानी गर्ने, घर टहरा निर्माण गर्ने, जग्गा प्लटिङ्ग गरी बिक्री वितरण गर्न थालेकोले के भएको रहेछ भनी बुझ्दा सट्टा भर्ना बापतमा जग्गा दिई उक्त क्षेत्रबाट हटाइएका व्यक्तिहरुको साविक जग्गा रोक्का मात्र रहेको लगत कट्टा नभएको हुँदा सो कुरा थाहा पाई केही व्यक्तिहरुले सर्वोच्च अदालतमा रोक्का फुकुवा गरी पाउँ भनी मिति २०५८ साल र २०६५ सालमा क्रमशः रिट नं.३३९३ र ०६५-Wo-०५०९ को उत्प्रेषण परमादेशको रिट निवेदन दिई रोक्का फुकुवाको आदेश गराएका रहेछन्। उल्लेखित रिट निवेदनका विपक्षीहरु जिल्ला प्रशासन कार्यालय सुनसरी, मालपोत कार्यालय सुनसरीले जलाधार क्षेत्रका बासिन्दालाई सट्टा भर्ना बापतमा स्थानीयलाई बयरवन गा.वि.स., वडा नं.९ मा जग्गा दिइएको तथ्यलाई लुकाई लिखित जवाफ फिराएका कारण उक्त क्षेत्रको जग्गाको रोक्का फुकुवाको आदेश भएको थाहा हुन आयो।

३. यसरी जग्गा फुकुवा गराई सोही आदेशलाई आधार बनाई एकीकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन समिति नामक अनधिकृत संस्था खडा गरी जङ्गल कटानी गर्ने, तत्कालीन जग्गाधनीहरुले तत्कालीन धनीपुर्जाको आधारमा जग्गा बिक्री वितरण गर्ने कार्य गर्न थालेको थाहा हुन आयो। उक्त कार्यले सर्दु जलाधार क्षेत्रको विनास भई धरान बजारको पानीको स्रोत सुक्न जाने अवस्था सृजना हुने अवस्था छ। सर्दु जलाधार क्षेत्रका तत्कालीन बासिन्दा मध्येका विपक्षीहरु चन्द्र लिम्बु, नरबहादुर लुङ्गेली मगर, गोकुले राई समेतका मानिसहरुले बयरवन गा.वि.स., वडा नं.९ मा सट्टा भर्ना बापतमा जग्गा प्राप्त गरेको र उक्त क्षेत्रमा जङ्गल रहेको कुरा मोरङ्ग सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिले प्रमुख जिल्ला अधिकारी समेतका विपक्षीहरुलाई लेखेको च.नं.७१४ मिति २०४५।०२।३२ को पत्र समेतका निर्णयबाट देखिएको, तत्कालीन अञ्चलाधीशको

अध्यक्षतामा गठित समितिको मिति २०३४।०३।२७, २०३४।१०।०९, २०३५।०१।०७ र मिति २०३५।०६।०६ का निर्णयहरुले सट्टा भर्ना बापतमा जग्गा दिई स्थानीय मानिसहरुलाई बयरवन गा.वि.स., वडा नं.९ मा बसोबास गराएको मिसिल संलग्न उल्लेखित कागजातबाट सो तथ्य देखिन्छ।

४. यसरी सट्टा भर्ना बापतमा अन्यत्र जग्गा प्राप्त गरिसकेको अवस्था हुँदाहुँदै विपक्षी मालपोत कार्यालय सुनसरीले जग्गाको लगत कट्टा नगरी रोक्का मात्र राखेकोमा सो को गलत फाइदा उठाई अदालत समेतलाई गुमराहमा राखी जग्गा फुकुवा गराई जलाधार क्षेत्रको जग्गाको वन फँडानी गर्ने, आवाद गर्ने, जग्गा बिक्री वितरण गर्ने जस्ता कार्य हुन थालेको र त्यस्तो कार्यले जलाधार क्षेत्र प्रदुषित हुने, विनाश हुने, त्यसले धरानवासीको पानीको मूख्य स्रोतको विनाश भई पानीको सङ्कट हुने र सो कार्यले अन्य थुपै समस्या ल्याउने अवस्था छ। यस्तो कार्यले सम्पूर्ण धरानवासीको नागरिक अधिकार ऐन, २०१२ को दफा ३, ६ द्वारा प्रत्याभुत गरिएको नागरिक हकमा आघात पुग्ने तथा वन ऐन, २०४९ को दफा ३, ८, १४, १६, १७, १८, ४९ र ६७ तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा १० को उल्लंघन हुने हुँदा सार्वजनिक सरोकारको विषयमा अ.बं.१० नं.बमोजिम अनुमति लिई नागरिक अधिकार ऐन, २०१२ को दफा १७ तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम निवेदन दिएका छौं। सट्टा भर्ना बापतमा अन्यत्र जग्गा दिइसकी जलाधार क्षेत्रमा वृक्षारोपण गरी संरक्षणमा रहेको साविक बाँझगरा गाउँ पञ्चायत हालको पाँचकन्या गा.वि.स., वडा नं.९ र साविक घोपा गाउँ पञ्चायत हाल विष्णुपादुका गा.वि.स., वडा नं.७ को जग्गाको लगत कट्टा गरी वन सिमाना कायम गरी वन संरक्षण गर्नू गराउनू भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी गरी पाउँ। साथै प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागे सम्मको लागि उक्त क्षेत्रमा फँडानी नगर्नू नगराउनू, गर्न नदिनू, उक्त जलाधार क्षेत्रको संरक्षण गर्नू भनी पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क अनुसार विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको तत्कालीन पुनरावेदन अदालत विराटनगरमा दिएको निवेदन पत्र।

५. यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग दावी बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सो समेत उल्लेख गरी म्याद

सूचना पाएको मितिले १५ दिनभित्र लिखित जवाफ पेश गर्नू भनी विपक्षीका नाउँमा म्याद सूचना जारी गर्नू। निवेदकले अन्तरिम आदेशसमेत माग गरेको देखिँदा प्रस्तुत निवेदनको विषयवस्तु सार्वजनिक सरोकार निहित (**Public Interest Litigation**) रहेकोले अन्तरिम आदेश जारी हुने वा नहुने भन्ने सम्बन्धमा विपक्षीहरुलाई समेत उपस्थित गराई छलफल गर्नुपर्ने भएकोले मिति २०७१।०२।१२ मा विपक्षी समेतलाई झिकाई सो अवधिसम्म निवेदकको माग बमोजिम सट्टाभर्ना दिइसकेको जग्गामा आवाद नगर्नू, वनजङ्गल फँडानी नगर्नू, जङ्गल नमास्नू, कित्ताकाट नगर्नू नगराउनू भनी विपक्षीहरु १ देखि ८ बाहेकका अन्य विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत बेहोराको मिति २०७१।०२।०१ मा तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको आदेश।

६. दावी गरिएका जग्गा हामीले हाम्रो पिता पुर्खाको पालादेखि भोगचलन गरी आएको जग्गा हो। यसरी पुर्खाको पालादेखि नै भोग गरी जीविका चलाई आएको दावीका जग्गा २०५८ सालमा जिल्ला विकास समिति सुनसरी र जिल्ला प्रशासन कार्यालय सुनसरीले मालपोत कार्यालय सुनसरीलाई रोक्का राख्न पत्र लेखी हाम्रो जग्गा रोक्का राखेको हुँदा विपक्षी मध्येको म बिर्खे राई समेतले सर्वोच्च अदालतमा रिट निवेदन गरी हाम्रो जग्गा फुकुवा हुने गरी सर्वोच्च अदालतबाट आदेश भएको थियो। उक्त मुद्दाका निवेदक बाहेकका हामी लिखित जवाफकर्ताका जग्गा समेत रोक्का भएको हुँदा जगत राई, दिलिप राई समेतले सर्वोच्च अदालतमा पुनः २०५९ सालमा निवेदन गरी रोक्का फुकुवाको लागि माग गरेकोमा निवेदन माग बमोजिम रोक्का फुकुवाको आदेश जारी भएको छ। यसरी सर्वोच्च अदालतबाट जग्गा फुकुवाको आदेश भइसकेपछि पनि मालपोत कार्यालय सुनसरीले जग्गा फुकुवा गरी नदिई जग्गा बिक्री वितरण समेतमा आनाकानी गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरेकोमा हामीले फैसला कार्यान्वयन निर्देशनालय, सर्वोच्च अदालतमा फैसला कार्यान्वयनको लागि निवेदन दिएकोमा फैसला कार्यान्वयन निर्देशनालयले मिति २०७०।०४।०६ मा मालपोत कार्यालय सुनसरीलाई फैसला कार्यान्वयन गरी यस निर्देशनालयलाई जानकारी दिनू भनी पत्राचार गरेको थियो। जि.वि.स. सुनसरीले मुद्दा पुनरावलोकनको लागि निवेदन गरेकोमा सर्वोच्च अदालतबाट मुद्दा पुनरावलोकन नहुने भनी आदेश समेत भइसकेको छ। वास्तविक जलाधार क्षेत्रमा पर्ने हाम्रो भोगमा भएको जग्गा

मध्ये ७०।३० को अनुपातमा अर्थात् हामीले ३० लिने धरान नगरपालिकालाई ७० छाडिदिने सहमती भई सहमती बमोजिम जग्गा छाडिसकेको अवस्था छ। सर्वोच्च अदालतबाट अन्तिम फैसला भई विवादको निपटारा भइसकेको र धरान नगरपालिकासँग सहमती गरी सहमती बमोजिम जग्गा छाडिसकेको अवस्थामा पुनः केही व्यक्तिहरुले सर्दु जलाधार संरक्षणका नाममा हामीलाई हाम्रो जग्गा भोग गर्न रोक्ने कार्य हुन थालेको र सो कार्यले हाम्रो नेपालको अन्तरिम संविधान र नागरिक अधिकार ऐन समेतले प्रदान गरेको अधिकारबाट वञ्चित गर्न प्रस्तुत निवेदन दिएको हुँदा निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको जगत बहादुर राई, दिलिप राई, बिर्खे राई समेतको लिखित जवाफ।

७. प्रत्यर्थी मध्ये चन्द्र लिम्बुसमेत १३ जनाका नामको म्याद, वतन पत्ता नलागी तामेल हुन नसकेको व्यहोरा उल्लेख गरी तामेलदारले प्रतिवेदन पेश गरेको देखिँदा सो प्रतिवेदन निवेदकलाई सुनाई प्रत्यर्थीहरुको यकिन वतन खुलाउन लगाई खुलाइएको वतनमा रीतपूर्वक म्याद तामेल गराउनु। वतन खुलाउन नसके सोही व्यहोराको कागज गराई नियमानुसार गर्नू। प्रस्तुत निवेदनमा अन्तरिम आदेश सम्बन्धमा छलफलको लागि मिति २०७१।०२।२६ गते उपस्थित हुन विपक्षीहरुलाई जानकारी गराउनू। छलफलको मितिसम्मको लागि मिति २०७१।०२।०१ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ भनी मिति २०७१।०२।१२ मा तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको आदेश।

८. साविक बाँझगरा गा.वि.स., वडा नं.९(ग) का जग्गाहरु २०३३ सालमा सर्दु जलाधार क्षेत्र घोषणा गरी त्यहाँका बासिन्दालाई सट्टा भर्ना बापतमा अन्यत्र बसोबास गराएको र २०५८ सालमा जग्गा रोक्का राखी दिन जिल्ला विकास समिति सुनसरीले मालपोत कार्यालय सुनसरीलाई समेत पत्राचार गरेकोमा जग्गाधनी मध्येका बिर्खे राई समेतले जग्गा फुकुवाका लागि सर्वोच्च अदालतमा निवेदन दिई सर्वोच्च अदालतबाट जग्गा फुकुवाको आदेश भई मुद्दा अन्तिम भएको अवस्था छ। धरान बजारको उत्तरतर्फको जङ्गल मासिएमा वातावरण र पानीको मुहानलाई समेत असर गर्ने हुँदा सर्वोच्च अदालतबाट हक स्थापित भएका स्थानीय जग्गा धनीहरुसँग समन्वय गरी जलाधार क्षेत्रलाई असर नपार्ने गरी कार्य गर्नका लागि समन्वयकारी भूमिका निर्वाह गर्न धरान एकिकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन

समितिलाई अनुरोध गर्दा उक्त समितिले समन्वय गरी जग्गा धनीहरुको हकभोगको करिब ४२ बिगाहा जग्गामध्ये धरान धनकुटा सडक दक्षिण तर्फको करिब ३० बिगाहा जग्गाको हक छाडी जलाधार क्षेत्रलाई छाडिदिने र १२ बिगाहा जग्गा मात्र दर्तावाला जग्गाधनीले भोग गर्ने सहमती भएको र सहमती बमोजिम जलाधार क्षेत्रलाई स्वेच्छाले छाडिदिएको जग्गाको जग्गाधनीहरुको लगत कट्टा गरी नेपाल सरकारको नाउँमा लगत कायम गरी पाउन प्रमुख जिल्ला अधिकारी सुनसरीलाई धरान नगरपालिका समेतले अुनरोध गरी पत्राचार गरिएको छ। यसरी सर्वोच्च अदलतबाट अन्तिम फैसला भई जग्गाधनीहरुको हकभोग कायम भई रोक्का फुकुवा भएको जग्गा नगरपालिकाको पहलमा जग्गा धनीहरुसँग छलफल गरी केही जग्गा जलाधार संरक्षणको लागि छोडाउन सफल भएको अवस्थामा धरान नगरपालिका समेतलाई विपक्षी बनाई निवेदन दिनुको औचित्य नहुँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्नेसमेतको धरान नगरपालिका र आफ्नो हकमा समेत ऐ.का कार्यकारी सचिव भोजराज खतिवडाले तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश गरेको लिखित जवाफ।

९. साविक बाँझगरा गा.वि.स., वडा नं.९(ग) का जग्गाहरु २०३३ सालमा सर्दु जलाधार क्षेत्र घोषणा गरी त्यहाँका बासिन्दालाई सट्टा भर्ना बापतमा अन्यत्र बसोबास गराएको र २०५८ सालमा जग्गा रोक्का राखी दिन जिल्ला विकास समिति सुनसरीले मालपोत कार्यालय सुनसरीलाई समेत पत्राचार गरेकोमा जग्गाधनी मध्येका बिर्खे राई समेतले जग्गा फुकुवाका लागि सर्वोच्च अदालतमा निवेदन दिई सर्वोच्च अदालतबाट जग्गा फुकुवाको आदेश भई मुद्दा अन्तिम भएको अवस्था छ। धरान बजारको उत्तरतर्फको जङ्गल मासिएमा वातावरण र पानीको मुहानलाई समेत असर गर्ने हुँदा सर्वोच्च अदालतबाट हक स्थापित भएका स्थानीय जग्गाधनीहरुसँग समन्वय गरी जलाधार क्षेत्रलाई असर नपार्ने गरी कार्य गर्नका लागि समन्वयकारी भूमिका निर्वाह गर्न धरान एकिकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन समितिलाई अनुरोध गर्दा उक्त समितिले समन्वय गरी जग्गा धनीहरुको हकभोगको करिब ४२ बिगाहा जग्गामध्ये धरान धनकुटा सडक दक्षिण तर्फको करिब ३० बिगाहा जग्गाको हक छाडी जलाधार क्षेत्रलाई छाडिदिने र १२ बिगाहा जग्गा मात्र आफूले भोग गर्ने सहमती भएको र सहमती बमोजिम जलाधार क्षेत्रलाई स्वेच्छाले छाडिदिएको जग्गाको जग्गाधनीहरुको लगत कट्टा गरी नेपाल सरकारको नाउँमा लगत कायम गरी पाउन प्रमुख

जिल्ला अधिकारी सुनसरीलाई पत्राचार गरिएको छ। म विपक्षी वंशी मोक्तान धरान एकीकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन समितिमा सम्बद्ध रही र म आनन्द श्रेष्ठ खानेपानी र वातावरण संरक्षणमा प्रयत्नशील रही उल्लेखित कार्य गरी जलाधार क्षेत्रको संरक्षणको लागि काम गरी आएकोमा हामीलाई समेत विपक्षी बनाई दिएको निवेदनको औचित्य नहुँदा खारेज गरी पाउँ भन्नेसमेतका धरान एकीकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन समिति र आफ्नो हकमा समेत वंशी मोक्तान र वातावरण तथा पर्यटन विकास केन्द्रका अध्यक्ष आनन्द श्रेष्ठको तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश भएको लिखित जवाफ।

१०.सामति लिम्बुसमेत १३ जनाको यकिन वतन निवेदन पत्रमा उल्लेखित वतन नै भएको भनी निवेदकका वारेस ज्ञान बहादुर राईले गरेको कागज।

११.वन फँडानी गर्ने गराउने र कसैलाई अनियमित बसोबास गर्ने गराउने जस्ता कार्यहरु भए गरेको व्यहोरा खोली यस कार्यालयमा निवेदन दिएको नदेखिएको र अब उप्रान्त त्यस्ता कार्यहरु भए गरेको भए सोको जानकारी प्राप्त भए हरसम्भव सहयोग गरिने नै हुँदा हाललाई उक्त आरोपबाट फुर्सद पाउँ भन्नेसमेतको ईलाका प्रशासन कार्यालय धरानका तर्फबाट ऐ.का निमित्त कार्यालय प्रमुख ज्योत्स्ना भट्ट जोशीले तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश गरेको लिखित जवाफ।

१२.तत्कालीन राजा वीरेन्द्रको २०३३ सालमा भएको पूर्वाञ्चल भ्रमणको अवसरमा सर्दु जलाधार क्षेत्रमा बसोबास गर्ने मानिसहरुलाई अन्यत्र बसोबास गराई जलाधार क्षेत्रको संरक्षण गर्ने निर्देशन बक्स भए बमोजिम सो क्षेत्रमा बसोबास गर्ने मानिसहरुलाई बयरवन गा.वि.स.मा व्यवस्थापन गरी सर्दु जलाधार क्षेत्रको संरक्षणको कार्य भएको पाइन्छ। सर्दु जलाधार क्षेत्रको संरक्षणको जिम्मेवारी कुन निकायलाई तोकिएको थियो भन्ने आधिकारिक लिखत कागज यस कार्यालयमा नभएको र तत्कालीन अवस्थामा साविक मोरङ्ग वन डिभिजन कार्यालयबाटै रेखदेख हुने गरेको हुँदा यस कार्यालयमा लिखत नरहेको अवस्था छ। सर्दु जलाधार क्षेत्रको वातावरणीय महत्व रहेको र व्यक्ति विशेषले भोग गरी सो क्षेत्रको विनाश भएमा त्यसबाट धरान बजारमा खानेपानीको आपूर्तिमा समस्या आई अन्य वातावरणीय असर पर्न जाने भए पनि सर्वोच्च अदालतको फैसलाले व्यक्ति विशेषले दर्ता गराई भोग गर्न पाउने

अवस्था रहेको हुँदा सोही व्यहोरा खोली लिखित जवाफ गरेको छु भन्नेसमेतको जिल्ला वन कार्यालय, सुनसरीका तर्फबाट जिल्ला वन अधिकृत राजबहादुर राउतले तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश गरेको लिखित जवाफ।

१३.सर्दु जलाधारको वन जङ्गल सुरक्षित राख्न यस जिल्ला विकास समिति प्रयत्नशील भई वन कार्यालय समेतसँग समन्वय गरिरहेको अवस्थामा २०७०।०१।२७ मा धरान नगरपालिकामा भएको त्यस क्षेत्रका जग्गाधनी, धरानका राजनैतिक दल, यस विकास समितिको प्रतिनिधि लगायतको सर्वपक्षीय भेलामा जग्गाधनीहरु आफ्ना नाउँमा कायम भएको जग्गामध्ये वन जङ्गल क्षेत्र कायम रहेको धरान धनकुटा सडक दक्षिण पश्चिम तर्फका जग्गा जलाधार क्षेत्रलाई छाड्न सहमत भएका र सडक उत्तर पूर्वका आवाद जग्गाहरु हकभोग गर्ने निर्णय भएको हुँदा निवेदन माग अनुसार निषेधाज्ञाको आदेश जारी हुनुपर्ने अवस्था छैन। सर्वोच्च अदालतको अन्तिम फैसलाले जग्गाधनीको हकभोग र यस कार्यालयले राखेको रोक्का समेत फुकुवा भई सकेको अवस्थामा सर्वोच्च अदालतको फैसला विपरित जाने अवस्था नभएको स्थितिमा जग्गा धनीहरुसँग समन्वय गरी जग्गा प्राप्त गरी जलाधार क्षेत्रको संरक्षण गर्ने कार्यमा यस जिल्ला विकास समितिले पहल गरिरहेको अवस्थामा यस कार्यालयलाई विपक्षी बनाई निवेदन दिनुको औचित्य नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेतको जिल्ला विकास समितिको कार्यालय सुनसरीको तर्फबाट तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश गरेको लिखित जवाफ।

१४.सर्दु जलाधार क्षेत्रभित्र तत्कालीन सर्भे नापीमा नाप नक्सा भएका जग्गामध्ये बाँझगरा, घोपा गा.वि.स.समेतका केही जग्गा रोक्का राख्न अनुरोध भई आए बमोजिम हालसम्म रोक्का रहेको र सर्वोच्च अदालतको आदेश बमोजिम केही जग्गा फुकुवा भएको छ। जहाँसम्म सट्टा भर्ना मुआब्जा प्राप्त गरिसकेको भन्ने छ, सो सम्बन्धमा जग्गा रोक्का, मुआब्जा दिने र सट्टा भर्ना पाइसकेका जग्गाको दर्ता सच्याउने भन्ने निर्णय यस कार्यालयको अधिकार क्षेत्रभित्र पर्ने होइन। अधिकार प्राप्त निकायबाट लेखी आएका अवस्थामा सो को कार्यान्वयन गर्ने निकायको रुपमा मात्र मालपोत कार्यालय रहेको र यस कार्यालय आफैंले रोक्का राख्न, फुकुवा गर्न र मुआब्जा दिने तथा मुआब्जा पाएका जग्गाको लगत कट्टा गर्न समेत नसक्ने हुँदा सम्बन्धित निकायबाट निर्णय भई यस कार्यालयलाई निर्णय कार्यान्वयन गर्न अनुरोध भई

आएमा सो को कार्यान्वयन हुने नै हुँदा यस कार्यालयलाई विपक्षी बनाइ रहनुपर्ने होइन, दावीबाट फुर्सद पाउँ भन्नेसमेतको मालपोत कार्यालय सुनसरीको लिखित जवाफ।

१५.यसमा प्रस्तुत मुद्दामा सार्वजनिक सरोकारको विषय निहित भएको अवस्था देखिँदा निवेदकको माग बमोजिम जिल्ला सुनसरी पाँचकन्या गा.वि.स., वडा नं.९ र साविक घोपा गा.वि.स. हाल विष्णुपादुका, वडा नं.७ स्थित सर्दु जलाधार क्षेत्रको वन जङ्गल फँडानी नगर्नू, जङ्गल नमास्नू, कित्ताकाट नगर्नू नगराउनू भनी विपक्षीहरुका नाउँमा एकल र संयुक्त ईजलासबाट मिति २०७१।०२।०१ र मिति २०७१।०२।१२ मा जारी भएको अन्तरिम आदेशलाई प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म निरन्तरता प्रदान गरिदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिनू भनी मिति २०७१।०२।२६ मा तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको आदेश।

१६.सर्दु जलाधार क्षेत्र धरानको आवश्यकता रहेको र जिल्ला विकास समिति सुनसरीले उक्त क्षेत्रको रोक्का राखेको जग्गा सर्वोच्च अदालतबाट फुकुवा समेत भइसकेको अवस्थामा सो जलाधार क्षेत्रमा पर्ने जग्गाधनीहरुबाट जग्गा प्राप्त गरी जलाधार क्षेत्रको संरक्षण गर्ने उद्देश्यले धरान नगरपालिकाको पहलमा स्थानीय जग्गाधनीहरु समेतको मिति २०७०।०१।२७ को सर्वपक्षीय भेलामा हामी समेत सहभागी भएको हुँदा हामी उपर मुद्दा दिएको अवस्था हो। सर्वोच्च अदालतको अन्तिम फैसलाले रोक्का फुकुवा भई जग्गाधनीहरुको हक कायम भएको अवस्थामा जलाधार क्षेत्रको संरक्षणको लागि जग्गाधनीहरुसँग छलफल भई केही जग्गा प्राप्त भइसकेको अवस्थामा हामी उपर दिएको प्रस्तुत मुद्दाको औचित्य नहुँदा खारेज गरी पाउँ भन्नेसमेतको औजार दैनिकका प्रबन्ध निर्देशक भिम ज्वाला राई र उद्योग वाणिज्य संघ धरानको अध्यक्ष सरोज श्रेष्ठले तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश भएको लिखित जवाफ।

१७.सर्दु जलाधार क्षेत्रमा धरान नगर क्षेत्रका जनताले उपभोग गरिरहेको पानीको मुहान रहे भएको महत्वलाई बुझेर तत्कालीन सरकारबाट सो क्षेत्रलाई सर्दु जलाधार क्षेत्र घोषणा गरी त्यहाँ वृक्षारोपण गरी सामुदायिक वनको विकास समेत भएको अवस्था रहेको छ। तत्कालीन सरकारले २०३८।१०।२१ मा निर्णय गरी मोरङ्ग सुनसरी जिल्ला वन क्षेत्र सुदृढिकरण अधिकार सम्पन्न समिति गठन गरी सर्दु जलाधार क्षेत्रबाट आवादी उठाई सट्टाभर्ना समेत

उपलब्ध गराई सकिएको अवस्थामा सो क्षेत्रमा पानीको स्रोत वृद्धि गर्ने उद्देश्यले वृक्षारोपण समेत भई सामुदायिक वन समेत घोषणा गरिसकेको यस्तो सार्वजनिक जग्गा संरक्षण हुन आवश्यक रहेकोले निवेदकहरुले माग गरे जस्तो यस कार्यालयको हकमा निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी हुन नपर्ने व्यहोरा अनुरोध छ भन्नेसमेतको जिल्ला प्रशासन कार्यालय सुनसरीको तर्फबाट तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश गरेको लिखित जवाफ।

१८.मालपोत कार्यालयबाट टोकन आदेश भई कित्ताकाटको लागि आएमा कित्ताकाट गरिदिने कार्य यस कार्यालयको भएको हुँदा सो कार्यको लागि यस कार्यालयलाई विपक्षी बनाउनुपर्ने कुनै तुक नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेतको नापी कार्यालय सुनसरीको तर्फबाट तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश गरेको लिखित जवाफ।

१९.दावी गरिएका जग्गा हामीले हाम्रो पिता पुर्खाको पालादेखि भोग चलन गरी आएको जग्गा हो। यसरी पुर्खाको पालादेखि नै भोग गरी जीविका चलाई आएको दावीका जग्गा २०५८ सालमा जिल्ला विकास समिति सुनसरी र जिल्ला प्रशासन कार्यालय सुनसरीले मालपोत कार्यालय सुनसरीलाई रोक्का राख्न पत्र लेखी हाम्रो जग्गा रोक्का राखेको हुँदा विपक्षी मध्येको बिर्खे राई समेतले सर्वोच्च अदालतमा रिट निवेदन गरी जग्गा फुकुवा हुने गरी सर्वोच्च अदालतबाट आदेश भएको थियो। उक्त मुद्दाका बिर्खे राई बाहेकका हामी लिखित जवाफकर्ताका समेतको जग्गा रोक्का भएको हुँदा म समेतले सर्वोच्च अदालतमा पुनः २०५९ सालमा निवेदन गरी रोक्का फुकुवाको लागि माग गरेकोमा हाम्रो निवेदन माग बमोजिम रोक्का फुकुवाको आदेश जारी भएको छ। यसरी सर्वोच्च अदालतबाट जग्गा फुकुवाको आदेश भइसकेपछि पनि मालपोत कार्यालय सुनसरीले जग्गा फुकुवा गरी नदिई जग्गा बिक्री वितरण समेतमा आनाकानी गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरेकोमा हामीले फैसला कार्यान्वयन निर्देशनालय, सर्वोच्च अदालतमा फैसला कार्यान्वयनको लागि निवेदन दिएकोमा फैसला कार्यान्वयन निर्देशनालयले मिति २०७०।०४।०६ मा मालपोत कार्यालय सुनसरीलाई फैसला कार्यान्वयन गरी यस निर्देशनलायललाई जानकारी दिनू भनी पत्राचार गरेको थियो र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतको फैसला बमोजिम हुने भनी पत्राचार गरेको थियो। जि.वि.स. सुनसरीले मुद्दा पुनरावलोकनको लागि निवेदन

गरेकोमा सर्वोच्च अदालतबाट मुद्दा पुनरावलोकन नहुने भनी आदेश समेत भइसकेको छ। वास्तविक जलाधार क्षेत्रमा पर्ने हाम्रो भोगमा भएको जग्गा मध्ये ७०।३० को अनुपातमा अर्थात हामीले ३० लिने धरान नगरपालिकालाई ७० छाडिदिने सहमती भई सहमती बमोजिम जग्गा छाडिसकेको अवस्था छ। सर्वोच्च अदालतबाट अन्तिम फैसला भई विवादको निपटारा भइसकेको र धरान नगरपालिका्सँग सहमती गरी सहमती बमोजिम जग्गा छाडिसकेको अवस्थामा पुनः केही व्यक्तिहरुले सर्दु जलाधार संरक्षणका नाममा हामीलाई हाम्रो जग्गा भोग गर्न रोक्ने कार्य हुन थालेको र सो कार्यले हाम्रो नेपालको अन्तरिम संविधान, नागरिक अधिकार ऐन समेतले प्रदान गरेको अधिकारबाट वञ्चित गर्न प्रस्तुत निवेदन दिएको हुँदा निवेदन खारेज गरी पाउँ भन्नेसमेतको राम प्रसाद राई समेतले तत्कालीन पुनरावेदन अदालत विराटनगरमा पेश गरेको लिखित जवाफ।

२०.निवेदकले निवेदनमा उल्लेख गरेको जग्गा सम्मानित सर्वोच्च अदालतको आदेशबाट फुकुवा भई जग्गा धनीको हक भोग स्थापित गरिसकेको उक्त आदेश अन्तिम भई बसेको अवस्था देखिन्छ। जग्गाधनी समेतको सर्वपक्षीय भेलाको सहमती बमोजिम सर्दु जलाधार संरक्षणको लागि केही जग्गा सरकारको नाउँमा पास गरिदिई हक छाडिदिने भनी सहमती भई सो तर्फ कारवाही भइरहेको भन्ने धरान नगरपालिका र अन्य विपक्षीहरुको लिखित जवाफबाट समेत देखिइरहेको अवस्थामा निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा आदेश जारी गरी पाउँ भन्ने निवेदन माग दावीसँग सहमत हुन सकिएन। निवेदकले निवेदनमा उल्लेख गरेका जग्गाका सम्बन्धमा सर्वोच्च अदालतबाट मिति २०६१।०१।१५ मा जारी भएको उत्प्रेषण आदेश तथा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।१२।१७ मा रोक्काको निर्णय बदर गरी बिर्खे राई समेतका निवेदकहरुको जग्गा फुकुवा गरिदिनू भनी जारी भएको परमादेशको आदेश बमोजिम प्रस्तुत मुद्दामा निवेदकरुको माग दावी बमोजिम निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७१।०४।१९ मा तत्कालीन पुनरावेदन अदालत, विराटनगरबाट भएको निर्णय आदेश।

२१.प्रस्तुत रिट निवेदनमा निवदेकको व्यक्तिगत स्वार्थ नभई सामुहिक स्वार्थ निहित रहेकाले

अ.वं.१० नं. अन्तर्गत अनुमति लिई दायर गरेकोमा अन्तरिम आदेश जारी भएपछि विपक्षीहरुले अदालतमा नै हुलहुज्जत गरेका कारण फैसला भएको मितिमा हामी निवेदक तथा कानुन व्यवसायीहरु उपस्थित हुन सक्ने अवस्था नभएको, भिडकै कारण पटक पटक बोलाउदा उपस्थित नभएको भनी हामीलाई प्रतिरक्षा गर्ने मौका नै नदिई हामीलाई हराई सम्पूर्ण धरान नगरबासीको सार्वजनिक हित र सरोकार रहेको सार्वजनिक जग्गामा विपक्षीहरुले भोग आवाद गर्न पाउने भनी भएको फैसला पुर्णत त्रुटिपूर्ण छ।

२२. राजा वीरेन्द्रको २०३३ सालमा भएको औपचारीक भ्रमणको क्रममा सर्दु जलाधार क्षेत्रको संरक्षण गर्नुपर्ने अवस्था देखी सर्दु जलाधार क्षेत्रको आवादी उठाई अन्यत्र बसाउनु र त्यस ठाउँमा यथासिघ्र वृक्षारोपण गर्नु भन्ने हुकुम बक्स वमोजिम समिति गठन भै समितिको मिति २०३४।१०।०९, २०३५।१।७ र २०३५।६।६ को निर्णयानुसार सर्दु जलाधार क्षेत्र (तत्कालीन बाँझगरा गा.पं. हालको पाँचकन्या गा.वि.स., वडा नं.९ र साविक धोपा गा.पं., वडा नं. ७ हालको विष्णुपादुका गा.वि.स., वडा नं. ७) मा जग्गा भएका तथा घर बसोवास गरेका व्यक्तिलाई सो ठाउँमा रहेको जग्गा मध्ये एक विगाहा भन्दा घटि जग्गा हुनेलाई एक विगाहाको दरले र एक विगाहा भन्दा बढि जग्गा हुनेहरुलाई पचास प्रतिशतका दरले भूमि प्रशासन शाखा मोरङ्ग सुनसरीबाट प्राप्त हदवन्दी भन्दा बढी जग्गाको लगत मध्येबाट र जिल्ला मोरङ्ग बयरवन गा.वि.स., वडा नं.९ को जग्गाबाट सट्टाभर्ना दिई सो जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने र जग्गाको लगत कट्टा गर्ने निर्णय भै सो जलाधार क्षेत्रमा जग्गा भएका र बसोवास गर्ने व्यक्तिले जिल्ला मोरङ्ग, वयरवन गा.वि.स., वडा नं. ९, ९ ऐ, ९, अ, जिल्ला मोरङ्ग, अमरदह गा.वि.स., वडा नं. ४ ढ, मा जग्गा प्राप्त गरेको उल्लिखित निर्णयको प्रतिलिपी तथा मालपोत कार्यालय बेलवारीबाट प्राप्त भएको लगतबाट प्रमाणित भैरहेको छ भने जिल्ला प्रशासन कार्यालय, जिल्ला वन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय सुनसरीले सो कुरालाई स्वीकारी तथा विपक्षीहरु राम प्रसाद राई, जगतवहादुर राई, दिलिप राई, विरखे राई समेतले सो स्वीकारी सर्दु जलाधार क्षेत्र संरक्षणका लागि लिखित जवाफकर्ताले वास्तविक जलाधार क्षेत्रमा पर्ने जग्गा धरान नगरपालिकाको खानेपानीको श्रोतभित्र पर्ने हाम्रो जग्गाको लगत समेत कट्टा भैरहेको छ जुन ७०/३० को अनुपातमा ३० प्रतिशत हामीले लिई ७० प्रतिशत छाडेको अवस्था हो भन्ने लिखित जवाफ

गरेबाट अझ प्रष्ट र प्रमाणित भैरहेको छ। विपक्षीहरुले मिलेमतो गरी वास्तविक कुरा नबताई सट्टाभर्ना पाइसकेको कुरालाई लुकाई विपक्षीहरु विरखे राईसमेत सम्मानित अदालतमा सम्बत २०५८ सालको रिट नं. ३३९३ को र विपक्षी सामति लिम्बु समेतले सम्बत २०६५ सालको WO-०५०९ को उत्प्रेषण परमादेशको लागि रिट दायर गरेको र अन्य विपक्षीहरुले माथि उल्लेख गरे वमोजिमको तथ्य प्रमाण नदेखाई लिखित जवाफ गरेका कारण यस अदालतबाट हचुवा आधारमा रोक्का राख्न लेखिएको पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने आदेश भई दावी गरिएका जग्गा सार्वजनिक अथवा सर्दु जलाधार क्षेत्रका होइनन भनी नभनेको हुँदा सट्टाभर्ना पाईसकेको देखिएमा निजहरुको नामबाट लगतकट्टा गरी नेपाल सरकारको नाउमा दाखेल खारेज गरी गराई सर्दु जलाधर क्षेत्रको संरक्षण गर्न उक्त आदेशले रोकेको नहुँदा सर्वोच्च अदालतबाट फैसला भएको भन्ने आधारमा सम्पूर्ण धरान नगरवासीलाई असर पुऱ्याउने गरी सट्टाभर्ना पाईसकेको तथा जग्गा धनि आफैले समेत ७० प्रतिशत जग्गा सर्दु जलाधारमा पर्न जाने उक्त जग्गा नेपाल सरकारको नाममा कायम गर्न मन्जुर गरेको जग्गा समेत आवाद गर्न पाउने भनी निवेदन खारेज हुने ठहयाई भएको आदेश त्रुटीपूर्ण छ।

२३.२०३३ सालमा सट्टा भर्ना दिई आवादी उठाउन राजाबाट हुकुम बक्स भई तत्कालीन समितिले सट्टाभर्ना दिई २०९ घर परिवार त्यहाँबाट उठाई वृक्षारोपण गरिएको हो। यस सम्मानित अदालतमा निवेदन गर्ने निवेदकहरु मध्ये विरखे राईको हजुरवावु सुरागी राईले जिल्ला मोरङ्ग, बयरवन गा.वि.स.वडा नं. ९(ऐ) को कि.नं. २० को ज.वि. २-१३-१३, सामती लिम्बुले ऐ ऐ ९(अ) को कि.नं. २८ को १-०-१८, चन्द्रवहादुर लिम्बुको दाता लालवहादुर राईले ऐ ऐ ९(ऐ) को कि.न. ३१ को २-६-५, नरवहादुर लुङगेली मगरले ऐ ऐ ९(अ) को कि.नं. ५० को ज.वि. १-०-०, गोकुले राईले ऐ ऐ ९(ऐ) को कि.नं. १३ को ज.वि. १-१२-१३, इन्द्रमान राईले ऐ ऐ ९(अ) को कि.नं. ८० को ज.वि. १-०-०, कर्मसिंह राईले ऐ ऐ ९(ऐ) को कि.नं. ४४ को ज.वि. १-३-३ र ऐ. ऐ. कि.नं. ४५ को ०-१५-०, ठुलो मौले राईले ऐ ९(ऋ) को कि.नं. ४१ को ज. वि. १-५-५, तेजवहादुर आले मगरले ऐ ऐ ९(ऐ) को कि.नं. १५ को १-११-०, नारायण सिंह मगरले ऐ ऐ ९(ऐ) को कि.नं. ११ को ज.वि. १-१३-६, मानवहादुरको पिता कुलवहादुर आले मगरले ऐ ऐ

९(ऐ) को कि.नं. २७ को ज.वि. २-१३-३, जगतवहादुर राईको दाता गन्जसिंह राईले ऐ ऐ ९(ऐ) को कि.नं. ३२ को १-१-१३ जगत राईकै दाता सर्वजीत लामिछानेले ऐ ऐ ९ (अ) को कि.नं. ५७ को १-०-० जगत राईकै दाता चन्द्रवहादुरले ऐ ऐ वडा नं. ९ (ऐ) को कि.नं. १६ को १-८-१४, रामप्रसाद राईको दाता जीतमान राईले ऐ ऐ वडा नं. ९ (अ) को कि.नं. ३४ को १-०-० जग्गा सट्टाभर्नामा पाएको कुरा मालपोत कार्यालय बेलवारी मोरङ्गबाट प्राप्त हामीले प्रमाणमा पेश गरेको लगतबाट देखिई रहेकोले सट्टाभर्ना नपाएको भन्ने निवेदन जिकिर झुठ्ठा रहेको हुँदा तथ्य प्रमाण लुकाई गरेको निवेदनको आधारमा सट्टा भर्ना नपाएको भन्ने आधार लिइ अदालतबाट जारी भएको आदेश कायम रहन नसक्ने प्रष्टै छ। मिति २०३८।१०।२१ को राजपत्रमा सुनसरी जिल्लाको सर्दु जलाधार क्षेत्रबाट आवादी उठाई अन्यत्र जग्गा दिई बसोवास गराई सकिए तापनि खालि भएको क्षेत्रमा उनाउ परिवार आई पुनः अतिक्रमण गरेकोमा अतिक्रमणकारीहरुलाई उठाई सो जलाधार क्षेत्र सम्बन्धित वन कार्यालयद्धारा निर्देशन वमोजिम गर्ने गराउने गरी जिम्मा लगाई दिने काम बाँकी भए पुरा गर्ने" क्षेत्राधिकार दिई मोरङ्ग सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरिय आयोग गठन गरिएबाट र सो आयोगले आवादी उठाई सट्टाभर्ना दिई उक्त सर्दु जलाधार क्षेत्र वन कार्यालयलाई जिम्मा लगाएको हुँदा जिल्ला वन कार्यालयले उक्त सट्टाभर्ना दिइसकेको वन कायम भएको जग्गाको वन ऐन अनुसार लगतकट्टाको कारवाही गरी लगतकट्टा गराउनु पर्नेमा सो गर्न सम्मानित अदालतको फैसलाबाट नरोकिएकोमा सो फैसला देखाई अतो थापी लगतकट्टाको कारवाही नगरेको कारण भूमाफियाहरुले यस अदालतको फैसला देखाई बन कायम भएको क्षेत्रमा वन विनास गर्न थालेका, सर्दु जलाधर क्षेत्रमा क्षति पुयाउन थालेकाले सो रोकी सट्टाभर्ना दिइसकेको जग्गाको कानुन वमोजिम लगतकट्टाको कार्यवाही गर्नु भन्ने आदेश जारी गरी पाउन हामीले निवदेन गरेको र वन कार्यालय लगायतका निकायले सो स्वीकारी लिखित जवाफ गरेको तथा व्यक्तिहरुले समेत ७० प्रतिशत जग्गाको लगतकट्टा गर्न सहमत भैसकेको भनी लिखित जवाफ गरेको हुँदा निवेदन माग वमोजिम आदेश जारी हुनु पर्नेमा यस सम्मानित अदालतको आदेशको अपव्याख्या गरी निवेदन खारेज हुने ठहऱ्याई भएको अन्तिम आदेश यस सम्मानित अदालतको आदेश तथा न्यायका मान्य सिद्धान्त विपरित छ। सट्टाभर्ना पाइसकेका जग्गाहरु लगतकट्टा नभै व्यक्तिकै नाममा रहिरहेका

कारण भूमाफियाहरुले केही जग्गा आफनो नाममा राजीनामा पारित गराई लिई केहीको रकम दिन्छौ भनी तत्कालीन जग्गाधनीहरुबाट साविककै ठेगाना देखाई यस अदालतमा. रिट गरेका हुन भन्ने कुरा तत्कालीन जग्गाधनीहरुको म्याद बेपत्ते तामेल भएबाट स्पष्ट छ। अतः विपक्षीहरुको भोग बसोवास नरहेको अन्य व्यक्तिहरुले जंगल ढालफाँड गर्न लागेको र सरोकारवाला सरकारी निकायहरुले समेत यस सम्मानित अदालतबाट भएको आदेशको अपव्याख्या गरी सर्दु जलाधार क्षेत्रको संरक्षण गर्न पछि हटेको देखिईरहकोमा अदालतको आदेशको अपव्याख्या गरी रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।४।१९ मा भएको अन्तिम आदेश पूर्णत त्रुटीपूर्ण एवम् न्याय कानुन र मान्य सिद्धान्तको विपरीत रहेको र सो आदेशले सार्वजनिक सम्पतिको विनास समेत गर्ने हुँदा बदर उल्टी गरी निवेदन माग वमोजिम आदेश जारी गरी सरकारी सार्वजनिक सम्पतिको सुरक्षा गरी पाउन सादर अनुरोध छ भन्नेसमेत व्यहोराको मिति २०७१।०८।२५ मा ज्ञान बहादुर राई समेतले यस अदालतमा गरेको पुनरावेदनपत्र।

२४.यसमा सर्वोच्च अदालतबाट मिति २०६१।१।१५ मा भएको फैसलाबाट "जग्गाको मुआब्जा दिइसकेको भन्ने प्रमाण पेश हुन नसकेको स्थितिमा विवादित जग्गा रोक्का राखिएको हदसम्म विपक्षी जिल्ला विकास समिति सुनसरीको मिति २०५८।३।१७ को पत्र तथा सो आधारमा भएका सम्पूर्ण कामकारवाही त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ" भन्ने उल्लेख भएको देखिन्छ। जिल्ला विकास समितिको मिति २०५८।३।१७ को पत्रको व्यहोराबाट "सर्दुजलाधार क्षेत्र तोकिएको र सम्बन्धित जग्गा धनीहरुलाई मुआब्जा दिइएको प्रमाण जुटाउन केही समय लाग्ने भएकोले सो अवधिसम्म संलग्न कि.नं. बमोजिमका जग्गाहरु रजिष्ट्रेशन पास लगायतका कारोवार स्थगित गरी सहयोग गरिदिनुहुन" भन्ने उल्लेख भएको पाइएकोले सर्वोच्च अदालतबाट भएको उल्लेखित फैसला र मिति २०५८।३।१७ को जिल्ला विकास समिति सुनसरीको पत्रसमेतको मूल्याङ्कनको रोहमा पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।४।१९ मा भएको फैसला फरक पर्न सक्ने देखिएकोले छलफलको निमित्त मुलुकी ऐन, अ.बं.२०२ नं. र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६७ बमोजिम प्रत्यर्थी विपक्षीहरुलाई सूचना म्याद जारी गरी तामेल भई आएपछि नियमानुसार पेश गर्नु भन्नेसमेत व्यहराको मिति

२०७४।११।६ गते यस अदालतबाट भएको आदेश।

२५.म लिखित प्रतिवादकर्ताका नाममा मालपोत कार्यालय सुनसरीमा दर्ता कायम रहेको साविकको बाँझगरा गाविस वडा नं. ९ (ख) कि.नं.१४४ को जग्गाको जग्गा धनी दर्ता श्रेष्ता र प्रमाण पूर्जा मा.पो.का.मा कायम छ। उक्त दर्ता श्रेष्ता हालसम्म कायम भएकोलाई बदर गरी पाऊँ भन्ने रिट निवेदन परेको होइन। सर्वोच्च अदालतबाट भएका फैसला अन्तिम भइरहेको सम्वत् २०५८ सालमा जिल्ला विकास समिति सुनसरीबाट मालपोत कार्यालय सुनसरीलाई जग्गा रोक्का राखी दिन पत्राचार भएकोलाई रिट निवेदक विर्खे राई समेतबाट श्री सर्वोच्च अदालतमा जग्गा फुकुवा समेत गरी दिनु भन्ने आदेशको माग गरी दायर भएको उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा (२०५८ सालको रिट नं.३३९३) मिति २०६१/१/१५ मा मिति२०५८/३/१७ मा जिल्ला विकास समिति सुनसरीबाट भएका पत्राचार बदर हुने विपक्षीबार र जग्गा फुकुवा गरी दिनु भन्ने गरी आदेश भएका फैसला अन्तिम भइसकेको छ।

२६.जिल्ला प्रशासन कार्यालय सुनसरीबाट साविक बाँझगरा हालको पाँचकन्या गाविस अन्तर्गतका जग्गा रोक्का राख्ने आदेश मा.पो.का सुनसरीलाई दिए उपर रोक्का बदर गरी पाउन विर्खे राई समेतबाट श्री सर्वोच्च अदालतमा दायर गरेको सम्वत् २०६५ सालको WO-०५०९ चलित नियम को उत्प्रेषणयुक्त परमादेशको निवेदनमा जग्गा फुकुवाको माग समेत भएकोमा रिट जारी हुने ठहरी मिति २०६७/१२/१७ मा भएका आदेश अन्तिम भई बसेको छ। लेखिएको नागरिक अधिकार ऐन २०१२ को दफा १७ तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३ (क) लाई आधार लिई दायर भएको निषेधाज्ञा र परमादेशको आदेश माग गरिएको निवेदनबाट श्री सर्वोच्च अदालतबाट भएको अन्तिम आदेश र फैसला बदर हुन सक्दैन।

२७.श्री सर्वोच्च अदालतबाट मिति २०६७/१२/१७ मा जिल्ला विकास समिति सुनसरीबाट जग्गा रोक्का राख्ने गरी मा.पो.का सुनसरीलाई भएका पत्राचार उत्प्रेषणको आदेशद्वारा बंदर भएको र स्थानीय तहमा भएका सहमतिलाई कार्यन्वयन गराउन तत्कालीन वन तथा भुसंरक्षण मन्त्री अग्नी प्रसाद सापकोटाबाट मिति २०७३/१/१५ मा भएको नेपाल सरकारको मन्त्री स्तरीय निर्णय अन्तिम अवस्था भइबसेको छ।

२८.हकदैया नभएका व्यक्तिवाट अन्यायमा नपरी रिसइविका कारण रिट निवेदन दायर गर्नु भएको छ। सर्दु जलाधार क्षेत्रको रेखदेख र संरक्षण रिट निवेदकबाट नभई नेपाल सरकार जिल्ला विकास समिति सुनसरी, जिल्ला प्रशासन कार्यालय सुनसरी, वन कार्यालय सुनसरी र स्थानीय निकाय धरान नगरपालिकाबाट भएको छ। नेपाल सरकारका आधिकारिक निकायबाट जग्गा रोक्का राख्नेगरी भएका निर्णय र पत्राचार समेतलाई उत्प्रेषणका आदेशद्वारा सर्वोच्च अदालतबाट बदर भएको देखी जानी लिखित प्रतिवादकर्तासम्मलाई दु:ख दिने मनसाय राखी दायर भएको रिट निवेदनलाई श्री पुनरावेदन अदालत विराटनगरबाट खारेज हुने ठहर भई फैसला भएको हो। यसर्थ लिखित प्रतिवादकर्ताका पिता चन्द्रबहादुर लिम्बुबाट साविक बाँझगरा ९(ग) अन्तर्गतका कुनै पनि जग्गाको सट्टा भर्ना र क्षतिपूर्ति नपाएका व्यक्ति २०३६ सालमा परलोक भईसक्नु भएका व्यक्तिलाई समेत विपक्षी तुल्याई श्री पुनरावेदन अदालत विराटनगरमा सम्बत् २०७०-WO-०१९१ को निषेधाज्ञायुक्त परमादेशको रिट निवेदन दायर गरी नागरिक ऐन, २०१२ को दफा १७ को प्रतिकूलको रिट निवेदनलाई खारेज हुने ठहर भएको हुँदा उक्त फैसलालाई सदर कायम राखी विपक्षीबाट दायर भएको पुनरावेदन दावी खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको चन्द्र बहादुर लिम्बुको मु.सं. गर्ने निजको छोरा हरिवहादुर लिम्वुको लिखित प्रतिवाद।

## ठहर खण्ड

२९.नियमानुसार दैनिक पेशी सूचीमा चढी ईजलास समक्ष पेश हुन आएको हुन प्रस्तुत मुद्दामा पुनरावेदक निवेदकको तर्फबाट उपस्थिति विद्वान वरिष्ठ अधिवक्ताहरु श्री ध्रुवलाल श्रेष्ठ, श्री सुरेन्द्र भण्डारी तथा विद्वान अधिवक्ताहरु श्री जीवन कुमार थापा, श्री कृष्ण नारायण पालिखे र श्री युवराज कोईरालाले राजा वीरेन्द्रले २०३३ सालमा भ्रमण गर्दा सर्दु जलाधार क्षेत्रको संरक्षण गर्नु पर्ने भनी हुकुम बक्स भए बमोजिम उक्त क्षेत्रमा बसोबास गर्ने तथा जग्गा भएका व्यक्तिहरुलाई मोरङको बयरवन गा.वि.स., वडा नं. ९ मा सट्टा भर्ना दिई उक्त स्थानमा वृक्षारोपण गर्ने र जग्गाको लगत कट्टा गर्ने निर्णय भएको तर लगत कट्टा नभै सकेकोले विपक्षीहरुले सट्टा भर्ना पाएको कुरालाई लुकाई मिति २०५८ मा बिर्खे राईसमेतले रिट नं. ३३९३ र सामति लिम्वुसमेतले सम्वत २०६५-WO-०५०९ को सर्वोच्च अदालतमा जग्गा फुकुवा गरी पाउँ भनी रिट निवेदन दिई यस अदालतबाट उल्लिखित जग्गा रोक्का

राख्न लेखिएको पत्र बदर गरेकोले उक्त क्षेत्रमा उनाउ परिवार आई उल्लिखित फैसला देखाई लगत कट्टा नगरेको कारण उक्त सर्दु जलाधर क्षेत्रमा क्षति पुऱ्याउन थालेकोले रोकी पाउन निवेदन गरेकोमा सम्मानित अदालतको उल्लिखित फैसलाको अपव्याख्या गरी तत्कालीन पुनरावेदन अदालतबाट निवेदन खारेज हुने गरी भएको त्रुटीपूर्ण फैसला बदर गरी सार्वजनिक सरोकारको प्रस्तुत निवेदनमा रिट जारी हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

३०.प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री बुद्धिलाल श्रेष्ठले मिति २०५८ मा बिर्खे राईसमेतले रिट नं. ३३९३ दिएको साथै सामति लिम्बुसमेतले दिएको सम्वत २०६५-WO-०५०९ को रिटमा जग्गा फुकुवा गर्ने गरी रिट जारी भएकोमा तत्कालीन स्थानीय विकास अधिकारीले पुनरावलोकनको लागि सर्वोच्च अदालतमा निवेदन दिएकोमा पुनरावलोकनको निस्सा नभएको कारण उक्त फैसला अन्तिम भएकोले फैसला कार्यान्वयनमा पठाइएको हो। सोही फैसलालाई आधार लिदैं तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिंदा सदर हुनु पर्छ भनी गर्नु भएको बहससमेत सुनियो। प्रत्यर्थी मध्येका धरान उपमहानगरपालिकाका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री अभइन्द्र निरौला, प्रत्यर्थी बिर्खे राई समेतका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सानुराज पोखरेल, प्रत्यर्थी हरिबहादुर लिम्बुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगतबहादुर थापाले वास्तविक जलाधार क्षेत्रमा पर्ने हाम्रो भोगमा भएको जग्गा मध्ये हामीले ३० लिने र धरान नगरपालिकालाई ७० छाडिदिने सहमती बमोजिम जग्गा छाडिसकेको अवस्था छ। सर्वोच्च अदालतबाट अन्तिम फैसला भई विवादको निपटारा भइसकेको र पुनः केही व्यक्तिहरुले सर्दु जलाधार संरक्षणका नाममा हामीलाई हाम्रो जग्गा भोग गर्न रोक्ने कार्य हुन थालेको हुँदा रिट खारेज हुने गरी तत्कालीन पुनरावेदन अदालतबाट विराटनगरबाट भएको फैसला कानून बमोजिम नै हुँदा सदर हुनुपर्छ भनी गर्नु भएको बहससमेत सुनियो।

३१.उपरोक्त बमोजिम विद्वान वरिष्ठ अधिवक्ताहरु तथा अधिवक्ताहरु र विद्वान उपन्यायाधिवक्ताको बहस जिकिर सुनी मिसिल प्रमाण सहितका सम्पूर्ण कागजातहरुको अध्ययन गरी हेर्दा, तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।४।१९ मा भएको फैसला मिलेको छ वा छैन, पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने

सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

३२. निर्णयतर्फ विचार गर्दा, धरान बजारको उत्तर पश्चिम उत्तर पूर्वमा सर्दु जलाधार क्षेत्र रहेको छ। धरान बजार पहाडको फेदीमा रहेको हुँदा यहाँ मधेशमा जस्तो जमिनबाट पानी निकाल्न सम्भव छैन। धरान बजारको पानीको स्रोत भनेको नै सर्दु जलाधार क्षेत्र हो। सर्दु जलाधार क्षेत्र (जिल्ला सुनसरी साविक बाँझगरा गाउँ पञ्चायत हालको पाँचकन्या गा.वि.स.वडा नं.९ पूरै र साविक घोपा गाउँ पञ्चायत हाल विष्णुपादुका गा.वि.स., वडा नं.७ पूरैमा) अवस्थित रहेकोमा सो स्थानमा जनसंख्याको वृद्धि भई वन क्षेत्रको कटानी हुन थालेको र पानीको मुहानमा फोहर बढ्न थाली जलाधार क्षेत्र सङ्कटमा पर्न थालेको हुँदा तत्कालीन राजा वीरेन्द्रको २०३३ सालमा भएको पूर्वाञ्चल विकास क्षेत्रको भ्रमणको अवसरमा स्थानीय बासिन्दाबाट गुनासो हुँदा सर्दु जलाधार क्षेत्रमा भएको आवादी उठाई अन्यत्र बसाउने र सो क्षेत्रमा वृक्षारोपण गर्नू भनी निर्देशन बक्स भए बमोजिम तत्कालीन अञ्चलाधीशको अध्यक्षतामा स्थापना भएको समितिले मापदण्ड बनाई सो क्षेत्रमा बस्ने बासिन्दालाई जिल्ला मोरङ्ग बयरवन गा.वि.स., वडा नं.९ को २४३ बिगाहा जग्गा मापदण्ड बमोजिम वितरण गरी बसोबास गराई जलाधार क्षेत्रमा वृक्षारोपण गरिएको थियो। स्थानीय मानिसलाई अन्यत्र बसाइसकेपछि पुनः केही मानिसहरुले अतिक्रमण गरी जङ्गल फँडानी गर्ने, घर टहरा निर्माण गर्ने, जग्गा प्लटिङ्ग गरी बिक्री वितरण गर्न थालेकोले के भएको रहेछ भनी बुझ्दा सट्टा भर्ना बापतमा जग्गा दिई उक्त क्षेत्रबाट हटाइएका व्यक्तिहरुको साविक जग्गा रोक्का मात्र रहेको, लगत कट्टा नभएको हुँदा सो कुरा थाहा पाई केही व्यक्तिहरुले सर्वोच्च अदालतमा रोक्का फुकुवा गरी पाउँ भनी मिति २०५८ साल र २०६५ सालमा रीट निवेदन दिई रोक्का फुकुवाको आदेश गराएका रहेछन्। यसरी सट्टा भर्ना बापतमा अन्यत्र जग्गा प्राप्त गरिसकेको अवस्था हुँदा हुँदै विपक्षी मालपोत कार्यालय सुनसरीले जग्गाको लगत कट्टा नगरी रोक्का मात्र राखेकोमा सो को गलत फाइदा उठाई अदालत समेतलाई गुमराहमा राखी जग्गा फुकुवा गराई जलाधार क्षेत्रको जग्गाको वन फँडानी गर्ने, आवाद गर्ने, जग्गा बिक्री वितरण गर्ने जस्ता कार्य हुन थालेको र त्यस्तो कार्यले जलाधार क्षेत्र प्रदुषित हुने, विनाश हुने, त्यसले धरानवासीको पानीको मूख्य स्रोतको विनाश भई पानीको सङ्कट हुने र सो कार्यले अन्य थुपै समस्या ल्याउने अवस्था हुँदा जलाधार क्षेत्रको साविक बमोजिमको सिमाना कायम गरी वन

संरक्षण गर्नू गराउनू, भनी विपक्षीहरुका नाउँमा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी गरी पाउँ भन्नेसमेतको निवेदनपत्र रहेकोमा माग बमोजिम निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता रहेको नदेखिंदा रिट खारेज हुने ठहर्छ भनी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट फैसला भए उपर चित्त नबुझाई निवेदकको तर्फबाट यस अदालतमा पुनरावेदन गरेको देखियो।

३३.सो सन्दर्भमा विचार गर्दा प्रस्तुत रिट निवेदन धरान बजारको उत्तर पश्चिम उत्तर पूर्वमा अवस्थित सर्दु जलाधार क्षेत्र संरक्षण सँग सम्वन्धित रहेको देखिन्छ। प्रस्तुत निवेदनमा उठाईएको विषय सार्वजानिक सरोकारको अत्यन्त महत्वपूर्ण स्वच्छ खानेपानी पिउन पाउनु व्यक्तिहरुको जीवनको अधिकारसँग सम्वन्धित संवेदनशिल विषयबस्तुको रुपमा रहेको देखिन्छ। पुनरावेदकहरुले तत्कालीन पुनरावेदन अदालतमा निवेदन दिंदा पनि साबिक मुलुकी ऐन अ.वं. १० नं. बमोजिम अड्डाको अनुमति लिई निषेधाज्ञाको निवेदन दिएको देखिन्छ।

३४.निवेदनमा उठाइएको सर्दु जलाधार क्षेत्रमा तत्कालीन वन क्षेत्रको कटानी भई पानीको मुहानमा फोहर भएको र उक्त क्षेत्र सङ्कटमा परेको भनी तत्कालीन राजा वीरेन्द्रको २०३३ सालमा भएको भ्रमणमा उल्लिखित सर्दु जलाधार क्षेत्रमा (जिल्ला सुनसरी साविक बाँझगरा गाउँ पञ्चायत हालको पाँचकन्या गा.वि.स., वडा नं.९ पूरै र साविक घोपा गाउँ पञ्चायत हाल विष्णुपादुका गा.वि.स., वडा नं.७ पूरैमा) भएको आवादी उठाई अन्यत्र बसाउने र उक्त स्थानमा वृक्षारोपण गर्नू भनी निर्देशन बक्स भएको र उक्त निर्देशन बमोजिम समिति गठन भई समितिको निर्णयानुसार मापदण्ड बनाई उल्लिखित क्षेत्रमा बसोबास गर्ने २०९ घरपरिवारलाई जिल्ला मोरङ्ग बयरवन गा.वि.स., वडा नं.९ मा २४३ बिगाहा जग्गा वितरण गरी बसोबास गराई उक्त जलाधार क्षेत्रमा वृक्षारोपण गरिएको भन्ने निवेदन तथा लिखित जवाफको बेहोराबाट देखिएको छ।

३५.निवेदकहरुले निवेदनमा उठाएको मुख्य जिकिर सर्दु जलाधार क्षेत्रको संरक्षणको लागि साविक उक्त स्थानमा जग्गा तथा बस्ती रहेका बासिन्दाहरुलाई मोरङ जिल्लाको वयरवन गा.वि.स. वडा नं. ९ मा सट्टा भर्ना दिएकोमा जग्गा रोक्का मात्र भएको तर जग्गाको लगत कट्टा नभएकोले साविक क्षेत्रबाट हटाइएका व्यक्तिहरु बिर्खे राईसमेतले २०५८ सालमा

रिट नं.३३९३ र सामति लिम्वु समेतले २०६५ सालमा WO-०५०९ को रिट निवेदन दिई जग्गा रोक्का फुकुवा गराउने गरी रिट जारी गराई उक्त आदेशलाई आधार बनाई विपक्षीबाट जग्गा बिक्री वितरण तथा बनजंगलको कटानी भई सर्दु जलाधार क्षेत्र संकटमा रहेकोले उल्लिखित जग्गा सट्टा भर्ना दिएका जग्गाको लगत कट्टा गरी वन सिमाना कायम गर्ने गरी विपक्षीका नाउँमा परमादेशसमेत जारी गरिपाउँ भन्ने रहेको छ।

३६.तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट निवेदन खारेज गर्दा निवेदक बिर्खे राईसमेतले मालपोत कार्यालय सुनसरी समेत उपरमा उत्पेषणयुक्त परमादेश जारी गरी पाउन सर्वोच्च अदालतमा दिएको २०५८ सालको रिट नं. ३३९३ र सामती लिम्बुसमेत दिएको २०६५ सालको WO-०५०९ को रिट निवेदनमा भएका फैसलालाई आधार लिएको देखियो। उल्लिखित सर्वोच्च अदालतबाट भएको फैसला हेर्दा, निवेदक विर्खे राई र दिलीप राईले निवेदकका नाउँमा रहेका साविक हजुरबुवा सुरागी राईको नामको वाझगरा गा.वि.स., वडा नं. ९(ग) कि.नं. ८ का जग्गा बिर्खे राईको नाममा २०५८ साल अषाढमा नामसारी दर्ता भई घरायसी कारणले बिक्री गर्न भनी मिति २०५८/११/०९ मा राजिनामा पारित गराउन मालपोत कार्यालयमा जाँदा जिल्ला विकास समितिको मिति २०५८।३।१७ को पत्रले रोक्का राख्न लेखी आए बमोजिम जिल्ला प्रशासन कार्यालय सुनसरीको मिति २०५८/०३/१९ को पत्रले रोक्का रहेको जानकारी भएको भनी सो रोक्का बदर गराउन सम्वत २०५८ सालको रिट नं. ३३९३ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन दिएकोमा निवेदकको नाममा दर्ता तिरो हक हुन आएको जग्गाको मुआव्जा दिईसकेको भन्ने प्रमाण पेश हुन नसकेको स्थितिमा विवादित जग्गा रोक्का राखिएको हदसम्म विपक्षी जिल्ला विकास समिति सुनसरीको मिति २०५८।३।१७ को पत्र तथा सो आधारमा भएका सम्पूर्ण काम कार्वाही त्रुटीपूर्ण देखिएकोले उत्प्रेषणको आदेशले बदर गरिदएको छ भनी मिति २०६१।१।१५ मा आदेश भएको भन्ने देखिन्छ।

३७. त्यस्तै **निवेदक सामती लिम्बु, विर्खे राई** समेतका १५ जना जति व्यक्तिहरु मिली मालपोत कार्यालय सुनसरी इनरुवासमेत उपर सम्वत २०६५ सालको WO- ०५०९ को उत्प्रेषणयुक्त परमादेश निवेदन दायर गरेकोमा यस अदालतबाट मिति २०६१।१।१५ को २०५८ सालको नि.नं.३३९३ मा भएको आदेशलाई आधार लिदैं **निवेदकहरुका नाउँमा कायम**

**रहेको जग्गाको तिरो निवेदकहरुले तिरे बुझाई रहेको अवस्था देखिएको एवम् दावीका जग्गाको मुआब्जा समेत यी निवेदकहरु समेतले प्राप्त गरेको भन्ने ठोसयुक्त आधार समेत विपक्षीहरुबाट प्रस्तुत हुन नसकेको एवम् निवेदकहरु समेतका जग्गा रोक्का राख्ने गरी भएको जिल्ला विकास समिति सुनसरीको मिति २०५८।३।१७ को मुलपत्र नै बदर भैसकेको देखिंदा मुलपत्र नै बदर भएपछि निवेदकहरुको हकमा बाँकी रहेको मान्न मिलेन भनी उक्त मिति २०५८।३।१७ को पत्रबाट भएका सम्पूर्ण काम कार्वाही समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ"** भनी मिति २०६६।१२।१७ मा रोक्का रहेका जग्गा फुकुवा गरी दिनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी भएको र उक्त आदेश उपर पुनरावलोकन गरी पाउन तत्कालीन स्थानीय विकास अधिकारीले यसै अदालतमा निवेदन दिएको देखिन्छ। उक्त पुनरावलोकनको निवेदनमा विपक्षी समेतका परिवारहरु मध्ये कसैलाई मोरङ जिल्लाको विभिन्न गा.वि.स.मा, कसैलाई सुनसरी जिल्लाका विभिन्न गा.वि.स.मा सट्टा भर्ना दिएको भन्ने कुरा पनि उठाईएको देखिन्छ। उक्त पुनरावलोकनको निवेदन उपर मिति २०६९।०४।८ मा यसै अदालतबाट पुनरावलोकनको निस्सा नहुने गरी आदेश भएको समेत देखियो।

३८.बन तथा भु-संरक्षण मन्त्रायलबाट प्राप्त सर्दु जलाधार क्षेत्र संरक्षण सम्वन्धी निर्णय सहितको फाइल हेर्दा "**श्री ५ महाराजधिराज सरकारको वि.सं. २०३३ मा पूर्वाञ्चल विकास क्षेत्रको अनौपचारिक भ्रमणको अवसरमा धरानको सर्दु खोलाको जलाधार क्षेत्रमा भएका आवादीहरु उठाई अन्त बसाउने र त्यो ठाउँमा स्थानीय पंचायतले यथाशिघ्र बृक्षारोपण गर्ने भन्ने निर्देशन बक्स भए बमोजिम उक्त जलाधारक्षेत्रको संरक्षण गर्न त्यस क्षेत्रको च्युरीवास, सिरकोट मुचुङगा डाँडामा रहेका २०९ परिवारलाई सो ठाँउबाट उठाई मोरङ जिल्लामा २४३ विगाहमा सट्टा भर्ना दिई बसोबास गराएको छ"** भन्ने उल्लेख गरेको देखिन्छ। बन तथा भूसंरक्षण मन्त्रालयबाट प्राप्त मिति २०७२।३।१८ को टिप्पणी र आदेशमा भएको बेहोरा हेर्दा समेत "... सर्दु जलाधार क्षेत्रको १७९ परिवारलाई २४३ विगाहा जग्गा सट्टा भर्ना दिईसकेको भनी यस मन्त्रालय समेतलाई च.नं.७१४ मिति २०४५।२।३२ को पत्रबाट जानकारी गराएको पाइएको, त्यस्तै जिल्ला वन अधिकृत तुलसीभक्त प्रजापतिले तयार गरेको २०४६।४७ को वन कार्य योजना २०४५ को पृष्ठ ८ मा "राजाको निर्देशन बमोजिम

उक्त जलाधार क्षेत्रको संरक्षण गर्न त्यस क्षेत्रको च्यूरीवास, सिरकोट, मुचुंङगा डाँडामा रहेको २०९ परिवारलाई सो ठाँउबाट उठाई मोरङ्ग जिल्लामा २४३ विगाहा जग्गा सट्टाभर्ना दिई बसोबास गराइएको" भन्ने उल्लेख गरेको देखिन्छ।... साथै सर्दु जलाधार क्षेत्रका जग्गाको लगत कट्टा गर्ने निर्णय समेत भई सकेको भए पनि लगत कट्टाको काम सम्पन्न नभै व्यक्तिहरुकै नाममा रहेको देखिएको हुँदा उक्त सर्दु जलाधार क्षेत्रको जग्गा बेचविखन हक हस्तान्तरण गर्न नपाउने गरी तत्काल रोक्का राख्न" मालपोत कार्यालय सुनसरी धरानलाई पत्राचार गरी सट्टा भर्ना दिईसकेको जग्गाको व्यक्तिको नामबाट लगत कट्टा गरी सर्दु जलाधार कायम गर्न सम्वन्धित निकायलाई आदेश दिने गरी शुरुमा मिति २०७२।३।१८ गते टिप्पणी उठाइएको प्राप्त फाईलबाट देखिएको छ। यसरी उल्लिखित टिप्पणीमा समेत सर्दु जलाधार क्षेत्रका २०९ परिवारलाई उठाई मोरङ जिल्लाको वयरवनमा २४३ विगाह जग्गा सट्टा भर्ना दिइएको भन्ने उल्लेख गरेको देखिन्छ। त्यस्तै सर्दु जलाधार वापत वयरबनमा सट्टा पाएको भनी पुनरावेदकहरुले पुनरावेदनको निवेदनमा को कस्ले, को कसको बाबु बाजे वा दाताले कहाँ जग्गा पाएको भनी उल्लेख गरेको देखिन्छ। उक्त पुनरावेदनमा "**२०३३** सालमा सट्टा भर्ना दिई आवादी उठाउन राजाबाट हुकुम बक्स भई तत्कालीन समितिले सट्टाभर्ना दिई २०९ घर परिवार त्यहाँबाट उठाई वृक्षारोपण गरिएको हो। यस सम्मानित अदालतमा निवेदन गर्ने निवेदकहरु मध्ये विर्खे राईको हजुरवावु सुरागी राईले जिल्ला मोरङ्ग, बयरवन गा.वि.स.वडा नं. ९(ऐ) को कि.नं. २० को ज.वि. २-१३-१३, सामती लिम्बुले ऐ ऐ ९(अ) को कि.नं. २८ को १-०-१८, चन्द्रवहादुर लिम्बुको दाता लालवहादुर राईले ऐ ऐ ९(ऐ) को कि.न. ३१ को २-६-५, नरवहादुर लुङगेली मगरले ऐ ऐ ९(अ) को कि.नं. ५० को ज.वि. १-०-०, गोकुले राईले ऐ ऐ ९(ऐ) को कि.नं. १३ को ज.वि. १-१२-१३, इन्द्रमान राईले ऐ ऐ ९(अ) को कि.नं. ८० को ज.वि. १-०-०, कर्मसिंह राईले ऐ ऐ ९(ऐ) को कि.नं. ४४ को ज.वि. १-३-३ र ऐ. ऐ. कि.नं. ४५ को ०-१५-०, ठुले मौले राईले ऐ ९(ऋ) को कि.नं. ४१ को ज. वि. १-५-५, तेजवहादुर आले मगरले ऐ ऐ ९(ऐ) को कि.नं. १५ को १-११-०, नारायण सिंह मगरले ऐ ऐ ९(ऐ) को कि.नं. ११ को ज.वि. १-१३-६, मानवहादुरको पिता कुलवहादुर आले मगरले ऐ ऐ ९(ऐ) को कि.नं. २७ को ज.वि. २-१३-३, जगतवहादुर राईको दाता गन्जसिंह राईले ऐ ऐ ९(ऐ) को कि.नं. ३२

को १-१-१३ जगत राईकै दाता सर्वजीत लामिछानेले ऐ ऐ ९ (अ) को कि.नं. ५७ को १-०-० जगत राईकै दाता चन्द्रवहादुरले ऐ ऐ वडा नं. ९ (ऐ) को कि.नं. १६ को १-८-१४, रामप्रसाद राईको दाता जीतमान राईले ऐ ऐ वडा नं. ९ (अ) को कि.नं. ३४ को १-०-० जग्गा सट्टाभर्नामा पाएको कुरा मालपोत कार्यालय बेलवारी मोरङ्गबाट प्राप्त हामीले प्रमाणमा पेश गरेको लगतबाट देखिई रहेकोले सट्टाभर्ना नपाएको भन्ने निवेदन जिकिर झुठ्ठा रहेको हुँदा तथ्य प्रमाण लुकाई गरेको निवेदनको आधारमा सट्टा भर्ना नपाएको भन्ने आधार लिइ अदालतबाट जारी भएको आदेश कायम रहन नसक्ने प्रष्टै छ" भन्ने उल्लेख भएको देखिन्छ। श्रेस्तामा उल्लेख भएका व्यक्ति र जग्गा विवरण हेर्दा विपक्षीहरु मध्ये अधिकांश **व्यक्तिहरुले सट्टा भर्ना पाएको समेत उल्लिखित बन तथा भु-संरक्षण मन्त्रालयबाट प्राप्त फाइलबाट देखिएको छ।** यसरी विपक्षीहरुले सट्टा भर्ना जग्गा पाएको भन्ने तथ्यलाई लुकाई जग्गा रोक्काको विषय मात्र उठाइ रिट निवेदन गरेबाट सर्वोच्च अदालतबाट त्यतिखेरका रिट निवेदकहरुको पक्षमा आदेश हुन गएको भन्ने देखियो। उक्त आदेशहरु हेर्दा एउटै व्यक्ति बिर्खे राईले दुई दुई पटक रिट निवेदन दिएको पनि देखियो। यो कुराहरुको बाबजुद तत्कालीन पुनरावेदन अदालतबाट २०५८ सालको रिट नं.३३९३, सम्वत २०६५ सालको WO- ०५०९ का रिट निवेदनमा यस अदालतबाट निर्णय भएको भन्ने आधारमा प्रस्तुत निवेदन तत्कालीन पुनरावेदन अदालतबाट खारेज भएको भन्ने पाईयो।

३९.निवेदनमा उल्लिखित क्षेत्र सर्दु जलाधार क्षेत्रको रूपमा स्थापित भएको तथ्यमा विवाद रहेको छैन। २०३३ सालमा तत्कालीन श्री ५ महाराजको पूर्वाञ्चल विकास क्षेत्रको अनौपचारिक भ्रमणको अवसरमा नै त्यहाँका पर्यावरणीय अवस्थितिको अवलोकन भई अव्यवस्थित बस्ती अन्यत्र सारी सर्दु जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने निर्देशन बक्स भएपछि सर्दु जलाधार क्षेत्र घोषणा भएको देखिन्छ। सोही क्रममा उक्त क्षेत्रको नाप नक्सा गर्ने समेतको कार्य गरी २०९ घरधुरीलाई वन डिभिजन कार्यालयले २०३४ सालमा नै मोरङ बयरवन र अमरदहको जग्गा सट्टा भर्ना दिएको भन्ने वन तथा भू-संरक्षण मन्त्रालयबाट प्रमाणको लागि आएको उल्लिखित फाईलबाट देखिन्छ। यसरी यति ठुलो जलाधार संरक्षणको योजनामा सम्बन्धित व्यक्तिहरुलाई रितपूर्वक जग्गाको सट्टा जग्गा नै दिई मोरङ्गमा पुनर्बास गराईएकोमा सो कुरा उल्लेख नगरी बिर्खे राई र सामति लिम्बु समेतका केही व्यक्तिहरुले कुरा लुकाइ, सफाहात

नलिई यस अदालतमा रिट निवेदन दिएको र तत्कालमा सरकारी पक्षबाट राम्रोसँग कुरा स्पष्ट गर्न नसकेबाट रिट जारी भई धरान उपमहानगरपालिकाको पानीको स्रोत रहेको सर्दु जलाधार क्षेत्रको व्यवस्थापन नै धरापमा पर्न गएको देखियो। एकातिर जग्गा लिने अर्को तिर साविकको जग्गा नछाड्ने वा अतिक्रमण गरिरहने कुरा पुनर्वासमा हुने आमप्रचलन हो। सर्दु जलाधार क्षेत्रमा पनि त्यसो गरिएको देखियो। अतिक्रमण कै कुरालाई लिएर मिति २०३८/१०/२१ को नेपाल राजपत्रमा पनि उक्त सर्दु जलाधार क्षेत्रमा अन्य परिवार आई अतिक्रमण गरेमा निजहरूलाई उठाउने कार्य सम्बन्धित वन कार्यालयले गर्ने भनी सूचना समेत प्रकाशित भएको पनि देखियो। तर पनि समयमा श्रेस्ता चुस्त दुरुस्त राख्न नसकेबाट उक्त बसाई सारिएको जग्गाको लगत कट्टा भइ नसकेको कारण हकवालाले नामसारी गरी लगेको अवस्था रहेको देखियो। यही क्रममा त्यसरी नामसारी गरी अतिक्रमण गरेको र जग्गा बेचबिखन समेत गर्न लागेको कारण तत्कालीन जिल्ला विकास समितिले मिति २०५८/०३/१७ गते जग्गा रोक्का राख्न जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेपछि जिल्ला प्रशासन कार्यालयले मिति २०५८/०३/१९ गते मालपोत कार्यालयमा रोक्काको लागि लेखी रोक्का भएकोमा २०५८ सालमा र २०६५ सालमा समेत रिट निवेदन परी माथि उल्लेख भए बमोजिम रोक्का बदर भएको पाईयो

४०. जलाधार क्षेत्रको संरक्षण वातावरणीय संरक्षणको लागि अत्यावश्यक र अपरिहार्य कार्य हो। बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्नपर्ने आवश्यकतालाई महसुस गरी भू तथा जलाधार संरक्षण ऐन, २०३९ समेत जारी भएको अवस्था छ। उक्त ऐनको दफा २(ख) मा भू तथा जलाधार संरक्षणको परिभाषा गर्दै बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्ने वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छता बनाई राख्ने कार्यलाई इंगित गरेको पाइन्छ। सोही ऐनको दफा ३ मा नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशित भई कुनै क्षेत्रलाई ४ किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्ने अधिकार समेत दिएको छ। उपरोक्त बमोजिम नेपाल राजपत्रमै सूचना प्रकाशित भै सर्दु जलाधारक्षेत्र घोषित भएको विवादित क्षेत्रमा विपक्षी मध्येका विर्खे राई समेतका व्यक्तिहरूले दायर गरेको रिट निवेदनमा उल्लिखित २०५८

सालको रिट नं.३३९३ मा बिर्खे राईका बाजे सुरागी राईले आफ्नो बाँझघरा गाउँको जग्गाको सट्टा बयरवन गा.वि.स. वडा नं.९ख कि.नं.२० को जग्गा पाएको सुरगी राईका हकवालाहरूले भोगचलन गरेको लिखित प्रमाणबाट पुष्टि गर्न नसकेको भन्दै सो जग्गा बिर्खे राईले नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा गरेको, सो जग्गाको मुआब्जा वापतको जग्गा निजका बाजे सुरागी राईले प्राप्त गरी भोग गरी सकेको, प्रमाण नभएको भन्दै जिल्ला विकास समितिको पत्रको आधारमा राखिएको रोक्का समेत बदर गरिदिएको देखियो। हाल प्रमाणको लागि आएको बन तथा भु-संरक्षण मन्त्रायलबाट प्राप्त सर्दु जलाधार क्षेत्र संरक्षण सम्वन्धी निर्णय सहितको फाइलबाट उक्त बाँझगरा गाउँको जग्गाहरू सर्दु जलाधार क्षेत्रका जग्गावालाहरु मोरङ्गको वयरवन र अमरदहमा जग्गा सट्टा भर्ना दिएको देखिन्छ।

४१.उपरोक्त बमोजिम २०३३ सालको श्री ५ को निर्देशन बमोजिम सर्दु जलाधार क्षेत्र घोषणा गरी जग्गा समेत सट्टा भर्न दिइसकेको अवस्थामा मालपोत कर्यालयमा श्रेस्ताको लगत कट्टा नभएको कारणले मात्र त्यसको फाइदा उठाउन विपक्षी मध्येका विर्खे राई समेतका व्यक्तिहरू २०५८ र २०६५ सालमा अदालतमा सफा हात नलिई प्रवेश गरेको र यस अदालतबाट समेत निजहरूको निवेदन माग बमोजिम रोक्का बदर गरिदिएको आदेशकै आधारमा प्रस्तुत रिट निवेदन पनि पुनरावेदन अदालत विराटनगरबाट खारेज भएको देखियो। यसरी तथ्य लुकाई सफाहात नलिई अदालतको शरणमा आएका व्यक्तिहरुलाई अदालतले मद्दत गर्न नसक्ने हुन्छ। तर सर्वोच्च अदालतबाट निर्णय भइसकेको कारण तत्कालीन पुनरावेदन अदालतले निषेधाज्ञाको निवेदन खारेज गरेको देखियो।

४२.उल्लिखित आधार कारणबाट निवेदकको माग बमोजिमको आदेश जारी भई सट्टा भर्ना वापत जग्गा पाएका साबिक जिल्ला सुनसरी बाँझगरा गा.प हालको पाँचकन्या गा.वि.स. वडा नं. ९ पुरै र साविक घोपा गा.पा. को हाल विष्णु पादुका गा.वि.स. को वडा नं. ७ का पुरै जग्गाहरुको लगत कट्टा गरी वन सिमाना कायम गरी सर्दु जलाधार क्षेत्रको जग्गाको संरक्षण गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। प्रत्यर्थी विपक्षीहरु मध्ये विर्खे राई समेतले दिएको २०५८ सालको रिट नं. ३३९३ तथा सामती लिम्वु समेतले दिएको सम्वत २०६५ सालको WO- ०५०९ रिट निवेदनमा विपक्षीहरु सफा हात नलिई विलम्व समेत गरी रिट निवेदन दिएको र उल्लिखित रिट

निवेदनमा क्रमशः मिति २०६१।१।१५ र २०६७।१२।१७ मा भएको उक्त सर्वोच्च अदालतको आदेशको रुलिङसँग यो इजलास सहमत हुन नसकेको र उल्लेखित रिट निवेदनहरुमा यस अदालतबाट पुनरावलोकनको निस्सा नदिएको भएतापनि पुनरावलोकनको निस्सा दिने कार्य आफैंमा रुलिङ नहुँदा सर्वोच्च अदालतबाट भएका उक्त आदेशसँग सहमत हुन नसकिएकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम २३(२)(ङ) बमोजिम प्रस्तुत मुद्दा पूर्ण इजलासमा पेश गर्नू। प्रस्तुत विवाद सर्दु जलाधार क्षेत्रको संरक्षणसँग सम्बन्धित हुँदा यो विवादको निरुपण पूर्ण इजलासबाट नहुँदा सम्म २०५८ सालको रिट नं. ३३९३ तथा २०६५ सालको WO-०५०९ को मुद्दामा यस अदालतबाट क्रमशः मिति २०६१।१।१५ र २०६७।१२।१७ को निर्णयमा उल्लेखित जग्गा जिल्ला सुनसरी साबिक बाँझगरा गा.वि.स. को हाल पञ्चकन्या गा.वि.स., वडा नं. ९ पूरै र साबिक घोपा गा.वि.स.को हाल विष्णुपादुका गा.वि.स., वडा नं.७ को पूरै भनी निवेदनमा उल्लेखित जग्गाको वर्तमानमा परिवर्तित स्थानीय तह र वडा समेत पत्ता लगाई सो जग्गाहरु कित्ताकाट हस्तान्तरण, नक्सापास तथा स्वरुप परिवर्तन हुन नपाउने गरी यथास्थितिमा राख्न लगाउनु भनी विपक्षी मध्येका सरकारी कार्यालय र स्थानीय तह समेतका नाउँमा यो अन्तरकालीन आदेशसमेत जारी गरिदिएको छ। आदेशको जानकारी सो कार्यालयहरुलाई अविलम्ब दिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः शारदादेवी पौडेल(उप-सचिव)

कम्प्युटर अपरेटरः रेखा भट्टराई

इति संवत् २०७९ साल माघ २४ गते रोज ३ शुभम् ----------------------------।